मधुवन नगरपालिका
(Madhuwan Municipality)
नगर कार्यपालिकाको कार्यालय
(Office of the Municipal Executive)
बर्दिया (Bardiya)
लुम्बिनी प्रदेश, नेपाल (Lumbini Province, Nepal )
Google Plus Code: 77RC+RC Sanoshree Taratal


प.सं.(Ref. No) : ०७८। ७९
च.नं.(Issue No):

मिति : २०७८।०४।०१

# सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना !

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्त भित्र सम्वन्धित वडा कार्यालयमा नवीकरणको लागी निवेदन दिनुपर्ने भएको भएता पनि आ.ब. २०७८।०७९ को बजेट वक्तव्य बमोजिम आ.ब. २०७८।०७९ देखि त्रैमासिक बजेट निकाशा हुने भएकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा चालु आ.ब.मा समेत नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न **२०७८ श्रावण १ देखि २०७८ भदौ मसान्त** भित्र देहाय बमोजिमका कागजातहरु संलग्न राखि परिचय पत्र नवीकरण गर्नका लागी सम्बन्धित लाभग्राहीहरुले आ आफ्नो वडा कार्यालयमा गई परिचय नविकरण गराउनुहुनको लागी यो सूचना प्रकाशित गरिएको गरिएको छ । बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त, असहाय भएका तथा ९० बर्ष भन्दा माथिका जेष्ठ नागरिकको हकमा निजका आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्ति उपस्थित भई नवीकरण गराउन सक्ने छ ।

आवश्यक कागजात :

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- सामाजिक सुरक्षा प्राप्त गरिरहेको परिचय पत्रको सक्कल प्रती

**नोट : तोकिएको समयका नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

..............................
(ओमकार शाह)

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८१४, ४२००८१५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :-०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 69

सिंहदरबार,
काठमाडौं, नेपाल
मिति : २०७८/०४/०३

बिषय :- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्वन्धमा ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्वन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व. २०७८/०७९ को बजेट बजेट वक्तव्य वमोजिम आ.व. २०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा सो सम्वन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको विवरण लाभग्राही स्वयं उपस्थित भई भाद्र मसान्त भित्र नवीकरण गरिसक्ने व्यवस्था गर्ने ।
२. विवरण नवीकरण नभएमा लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमा नै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्ने ।
३. स्थानीय सञ्चार माध्यम रेडियो, टेलिभिजन लगायतका भरपर्दो सञ्चार माध्यमद्वारा लाभग्राहीलाई आवश्यकता अनुसार स्थानीय भाषामा समेत जानकारी गराउने व्यवस्था गर्ने ।
४. त्रैमासिक बजेट निकासा गर्दा वास्तविक लाभग्राहीको संख्या बमोजिम मात्र निकासा हुने हुँदा दोहोरो परेका, मृत्यु भएका लाभग्राहीको विवरण वा कुनै कारणले लगत कट्टा गर्नु पर्ने भए सो गरी लाभग्राहीको वास्तविक संख्या यकिन गराउने व्यवस्था गर्ने ।
५. कतिपय लाभग्राहीहरुको विवरण दर्ता गर्दा निवेदन प्राप्त गर्नु भन्दाको अगाडिको मिति राखेर समेत दर्ता गर्ने गरेको पाइएकोले यस प्रकारको कार्यलाई निरुत्साहित गरी लाभग्राहीको पूर्ण विवरण भरी जुन मितिमा निवेदन प्राप्त भई दर्ता भएको हो सोही विवरणलाई आधार मानी सोही दिन दर्ता गराउने व्यवस्था गर्ने ।

२०७८/०४/०३
(मेघ राज शंकर)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

नाम थर:-.................................

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः

राष्ट्रिय परिचयपत्र नं.:-

दस्तखत:-.............

सम्पर्क मोबाईल नं.:-

नागरीकता प्रमाणपत्र नं. :-

जारी भएको जिल्ला र मितिः-

कार्यालय प्रयोजनको लागि

दर्ता नं.:-

रुजु गर्ने कर्मचारीको:

नाम थरः

पदः

दस्तखतः

मितिः

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

**परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः ..../../...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री अध्यक्षज्यू,

..................................गाउँपालिका / नगरपालिका

वडा नं. ...............

जिल्ला..................

प्रदेश..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

नाम थर:-

लक्षित समूह:-

राष्ट्रिय परिचयपत्र नं.:-

दस्तखत:-

लिङ्ग:-

सामाजिक सुरक्षा परिचयपत्र नं:-

सम्पर्क मोबाइल नं:-

मिति:-